रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड :१०** **संख्या : ३** **मिति : २०८३/०४/२१**

## भाग २

# रंगेली नगरपालिका

रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी , २०७७ र रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी ( पहिलो संशोधन), २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन , २०७९ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्न सम्बन्धी कार्यविधि (चौथो संशोधन),२०८३

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८३/०४/११

**रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (चौथो संशोधन)२०८३**

**प्रस्तावनाः** रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी , २०७७ र रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी ( पहिलो संशोधन), २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन , २०७९ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम "रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (चौथो संशोधन),२०८३" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ मा संशोधनः**

(१) रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७९ को दफा ५ को उदफा क र घ लाई देहाय बमोजिम संशोधन गरिएको छ।

**५(क)** शैक्षिक योग्यता वापत -८(आँठ) अंक (विशिष्ट श्रेणी ८(आँठ), प्रथम श्रेणी वापत ७(साँत), द्धितिय श्रेणी वापत ६(छ) ।

**५(घ)** अन्तरवार्तामा अधिकतम ३५अंक (पैतिस) ।

**३.रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ मा संशोधनः**

(१) रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७९ को दफा ७ को उदफा २(१) लाई देहाय बमोजिम संशोधन गरिएको छ।

**७(२)** उपदफा १ बमोजिम सुचीकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्वर संख्यामा वैकल्पिक उम्मेद्वारको सूची समेत प्रकाशन गर्नुपर्ने छ । साथै नगरकार्यपालिका वा अस्पताल विकास समितिको निर्णयको आधारमा पदपूर्ति समितिले छनौट भएका उम्मेद्वारहरुलाई रोष्टरको लागि सिफारिस गर्न बाधा पर्ने छैन र सिफारिस भएका उम्मेद्वारहरुको सूची कार्यालयको सुचना पाटीमा समेत टाँस गर्नुपर्ने छ ।

**आज्ञाले**
**प्रदिप शाह**
**प्रमुख प्रशासकीय अधिकृत**